यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ४१ ○श्रेणी 'क' ○२०७३ कार्तिक २४ गते बुधबार ○ 9 Nov. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

# कांग्रेसको सिटौला समूह कास्कीमा पनि सक्रिय

## नेविसंघ, महिला संघ जस्तै तरुणदलमा पनि भाग खोज्ने तयारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ कार्तिक ।**

नेपाली कांग्रेसको १३औं महाधिवेशन पश्चात तेस्रो धारको रुपमा उदाएको नेता कृष्ण सिटौला समूह जिल्ला-जिल्लामा सक्रिय हुन थालेको छ । खासगरी भातृ संगठनहरु नेपाल विद्यार्थी संघ र महिला संघको महाधिवेशनमा समेत आफ्नो हिस्सा दाबी गर्दै कतिपय पद हत्याउन सफल सिटौला समूह तरुण दलको आशन्न महाधिवेशनको पूर्व सन्ध्यामा महाधिवेशनस्थल जिल्ला कास्कीमा समेत सक्रियता देखाएको छ ।

यसअघि महाधिवेशन सम्पन्न भएका दुई वटा भातृ संगठनमा हिस्सा पाउन सफल भएकै कारण तरुण दलमा पनि सोहि किसिमको रणनीति निर्माण गर्न जिल्लास्तरमा आफ्नो सक्रियता देखाएको हो । पहिल्लो समय कास्कीमा सिटौला समूहमा आकर्षित हुने कांग्रेस कार्यकर्ताको लस्कर बढ्दो छ । लस्करमा वर्तमान जिल्ला कार्य समितिका पदाधिकारी समेत छन् तर राजनीतिक भविष्यका बारे निक्यौंल नहुन्जेल त्यो तहका जिल्ला नेता खुलिसकेका भने छैनन् ।

अहिले कास्की जिल्लामा सिटौला समूहको प्रतिनिधित्व गर्नेगरी पूर्व जिल्ला सचिव युवराज कुँवर, पूर्व सह-सचिव मुकुन्द बाँस्तोला ज्वाला, जिल्ला सदस्य विष्णुबहादुर क्षेत्री, युवा नेता शिवप्रसाद अधिकारी लगायतका छन् । समूहको जिल्लास्तरमा कार्यकर्ताको कसरी आकर्षण बढाउन सकिन्छ भन्नेमा आफूहरु हरेक दिन तल्लिन रहेको समुहका एक जिल्ला नेताले गोल्डेन न्यूज दैनिकसंग भने । माथि उल्लेख भएका नेता कार्यकर्तामध्ये सबैजसो यसअघि सिटौला समूहमा थिएनन् । कांग्रेस सभापति शेरबहादुर देउवा वर्तमान संस्थापकका‍रुपमा स्थापित हुनु र वरिष्ठ नेता रामचन्द्र पौडेल पार्टीमा विस्तारै कमजोर सावित हुँदै जान थालेपछि पनि कास्कीका कांग्रेसी नेता-कार्यकर्ताहरु सिटौलाको खेमातर्फ लम्केका हुन् । 'पौडेलले राजनीतिक रुपमा अडान लिन नसक्ने, संगठनलाई चुस्त, मजबुत राख्न नसक्ने कार्यकर्ताको संरक्षणमा समेत ध्यान पुऱ्याउन नसकेको र वर्तमान सभापति देउवाको समूहमा पनि जान नसक्ने भएपछि कांग्रेसको पुरानो संस्थापन पक्षको नेताका रुपमा सिटौलालाई हामीले विकल्पका रुपमा रोजेका हौं।'- कास्की कांग्रेसका जिल्ला सदस्य तथा सिटौला समूहमा लागेका नेता युवराज कुँवरले भने ।

सिटौला समूहमा प्रवेश गर्नेमध्ये अधिकांश युवापंक्तिको बाहुल्यता छ । जसमा मुख्य कारणका रुपमा युवा नेता गगन थापा र प्रदिप पौडेलको विद्यार्थी राजनीतिमा रहेको प्रभाव नै हो। विद्यार्थी पृष्ठभूमिबाट राजनीतिमा आएका नेताद्वय थापा र पौडेल सिटौला समूहको खम्बाका रुपमा रहेकाले पनि कास्कीका युवा र विद्यार्थी त्यस समूहमा लागेको बताइन्छ । 'हामी तत्कालिन अवस्थामा संस्थापन समूहमै थियौ तर वरिष्ठ नेता रामचन्द्र पौडेलको राजनीति अक्षमताको महसूस हुनु, विद्यार्थीकाल देखिनै गगन, प्रदिप सँगको सामिप्यता बलियो भएकाले पनि अहिले तेस्रो धारलाई बलियो बनाउन लागि परेका हौं'-अर्का युवा नेता मुकुन्द बाँस्तोला ज्वालाले भने । उनी कास्कीका ६० प्रतिशत भन्दा बढी तरुण युवा, विद्यार्थी र पार्टीका नेता कार्यकर्तासमेत सोही समूहमा रहेका दावी गर्छन् ।

यसैबीच मंगलबार सिटौला समूहका जिल्लास्तरका नेता तथा कार्यकर्ताको बैठक बसेको छ । पोखराको लेकसाईडस्थित एक होटलमा बसेको बैठकले तरुण दलको पोखरामा हुने महाधिवेशनको पूर्वसन्ध्यामा २६ गते नेता सिटौलाले गर्ने सम्बोधन कार्यक्रमको ब्यापक तयारी गर्ने रणनीति बनाएको थियो । त्यसका लागि विभिन्न तयारी समितिसमेत गठन भएको बताइन्छ ।

**पोखरा उप-महानगरपालिकाद्वारा नगरवासीको हितमा जारी गरिएको अत्यन्त जरूरी सूचना !**

स्थानीय स्वयत्त शासन ऐन २०५५, फोहोरमैला व्यवस्थापन ऐन २०६८, नेपाल सरकारका निर्णय २०७३, पोखरा उप-महानगरपालिकाद्वारा जारी वातावरण तथा सरसफाइ निर्देशिका २०७२, पोखरा उप-महानगरपालिकाको २०औं नगरपरिषद्को निर्णय समेतका आधारमा पोखरा उप-महानगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोला, प्लाष्टिक गिलास प्रयोग तथा विक्री वितरणलाई मिति २०७३ कार्तिक २४ गतेदेखि पूर्णत: निषेध गर्दै पोखरा उप-महानगरपालिकालाई प्लाष्टिक झोवा एवं प्लाष्टिक गिलास निषेध क्षेत्र घोषणा गर्ने कार्यक्रम रहेको छ।

तसर्थ मिति २०७३ साल कार्तिक २० गतेसम्म आ-आफूसंग रहेका प्लाष्टिक झोला एवं गिलास तत्कालै व्यवस्थापन गर्नु/गराउनुहुन हुन अनुरोध छ। घोषणा पश्चात् खटिने अनुगमन टोलीबाट अनुगमनको क्रममा उपरोक्त अनुसारको निषेधित वस्तु फेला परेमा जो कोहीलाई कडा भन्दा कडा कार्वाही हुने हुँदा आइन्दा प्लाष्टिकका झोला एवं प्लाष्टिकका गिलास विक्री वितरण, प्रयोग नगर्नु/नगराउनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**वसन्त प्रसाद चालिसे**
संयोजक, वरिष्ठ निरीक्षक
पोखरा उप-महानगरपालिका कार्यालय, पोखरा-८, न्यूरोड

# पोखरा र विराटनगर पनि महानगरपालिका

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ कार्तिक ।**

अहिले काठमाडौं महानगरपालिका नेपालको एक्लो महानगरपालिका हो। तर, स्थानीय तह पुनर्संरचना आयोगमा अहिलेसम्म आएको प्रस्तावलाई आधार मान्ने हो भने नेपालमा अब तीनवटा महानगरपालिका हुने छ।

आयोगमा अहिलेसम्म प्राप्त प्रस्तावअनुसार विराटनगर र पोखरालाई महानगरपालिका बनाउने प्रस्ताव आएको स्थानीय तह पुनसंरचना आयोगका उपसचिव देवी सुवेदीले जानकारी दिए। अहिलेको काठमाडौं महानगरपालिका भने यथावत रहनेछ। वर्तमान विराटनगर उप-महानगरपालिकामा वैजनाथपुर र कटहरी गाविस थपेर विराटनगर महानगरपालिका बनाउने प्रस्ताव आयोगले प्राप्त गरेको छ। पोखरालाई महानगरपालिका बनाउन भने कास्कीले तीनवटा प्रस्ताव आयोगमा पठाएको छ।

पहिलो विकल्प पोखरा उपमहानगरपालिका, चापाकोट, कास्कीकोट, मौजा र भदौरे तामागी गाविस मिलाएर पोखरा महानगरपालिका बनाउने गरी प्रस्ताव गरिएको छ। दोस्रो विकल्पमा पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका मिलाएर पोखरा-लेखनाथ महानगरपालिका बनाउने प्रस्ताव छ। यसमा चापाकोट, कास्कीकोट, मौजा, माझठाना र पुरनचौर गाविस, भदौरे-तामागी गाविसका केही वडा र कालिका गाविसका केही वडा पनि समावेश हुनेछन्। पोखरा उपमहानगरपालिका र लेखनाथको साथमा पुरनचौर गाविस तथा मौजा र कालिका गाविसका केही वडा समावेश गरी पोखरा-लेखनथा महानगरपालिका बनाउने प्रस्ताव गरिएको छ।

यी प्रस्तावलाई मापदण्डका आधारमा मूल्यांकन गरी आयोगले निर्णय लिने छ। आयोगको मापदण्डअनुसार महानगरपालिका बन्न न्यूनतम ३ लाख जनसंख्या र ४० करोड वार्षिक आय हुनुपर्ने लगायतका सर्त छन्। अब बन्ने महानगरपालिकाले न्यूनतम २८ देखि ३५ वटासम्म वडा विभाजन गरी सेवा प्रवाह गर्न सक्ने आयोगको मापदण्ड छ।

# उडान बन्द

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ कार्तिक ।**

नेपाल हवाई खेलकुद संस्था पोखराले मंगलबार प्याराग्लाइडिङका सबै उडान सेवा बन्द गरेको छ । गत शुक्रबार स्याङ्जाको स्वरेकमा प्याराग्लाइडिङ उडान प्रशिक्षणका क्रममा दुर्घटनामा परी शैलेश पहारीको मृत्यु भएको शोकमा प्याराग्लाइडिङका सबै उडान बन्द गरिएको संस्थाका अध्यक्ष सोभित बानियाँले बताए। पोखराको लेकसाइड निवासी पहारीको मंगलबार पोखराको रामघाटस्थित सेती नदीको किनारमा दाहसंस्कार गरिएको छ ।

**हार्दिक बधाई**





श्री हरि पन्त | श्री असफल गौतम

गोल्डेन न्यूज राष्ट्रिय दैनिक पत्रिकाका संवाददाता हरि पन्तज्यू धादिङ पोखरा सम्पर्क समाजको महासचिव एवम् यस पत्रिकाको साहित्यिक स्तम्भ साहित्य सिर्जनाका नियमित स्तम्भकार समालोचक असफल गौतमज्यू अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकीको सचिव पदमा निर्वाचित हुनुभएकोमा उहाँहरू दुवैलाई हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं।

**सुनौलो पब्लिकेशन प्रा.लि.**
**तथा गोल्डेन न्यूज राष्ट्रिय दैनिक परिवार**

# पोखरा त साँच्चिकैको पोखरा नै रै'छ...

**पोखरा २३ कार्तिक ।**

*माछापुच्छ्रे फेवातालमा पौडी खेल्दो रै'छ,*
*पोखरा त साँच्चिकैको पोखरा नै रै'छ !*



प्रेमप्रकाश मल्लले त्यतिकै यो गीत रचना गरेका होइनन् भन्ने तथ्य पोखराका मनोरम दृश्यले आफैं प्रमाणित गर्छन् । भ्रमणमा आउने अधिकांश पर्यटकले पोखराको सुन्दरताको वर्णन गर्छन् र पोखरा जीबनमा एकपटक पुग्नैपर्ने ठाउँ हो भनेर निश्कर्ष निकाल्छन् ।

प्रमुख पर्यटकीय गन्तव्य पोखरा प्रकृतिबाट वरदान पाएको विश्वकै सुन्दर शहर हो भन्दा अतियुक्ति हुँदैन । नेपाल घुम्न आउने विदेशी पर्यटकको पहिलो गन्तव्य पोखरा नै हुने गर्छ । आफैंमा सुन्दर रहेको पोखरामा थप सुन्दरता र आकर्षण थप्ने काम छेउँछाउँमा देखिने मनोरम दृश्यहरुले गरेका छन् । उत्तरतर्फ देखिने माछापुच्छे, अन्नपूर्ण र धौलागिरी हिमश्रृङ्खला अनि फेवाताल, सेतो गुम्बा, डेभिड फल्स, गुप्तेश्वर गुफा, महेन्द्र गुफा, सराङकोट र प्यारागलाइडिङ, अल्ट्रालाइट, विन्दावासीनी मन्दिर पोखराका मुख्य आकर्षण हुन् ।

पोखरा यस्तो ठाउँ हो, जहाँ नेपालभर घुमेर पोखरा पुगिएन भने त्यो घुमाइ अधुरै रहन्छ । पछिल्लो समय विदेशी पर्यटक मात्र होइन, स्वदेशीहरुको समेत पोखरामा भिड लाग्ने गरेको छ । प्रकृतिको सुन्दरतामा रमाउन एकपटक पुग्नै पर्ने ठाउँ हो पोखरा । पोखरा घुम्न आउने पर्यटकको पहिलो गन्तव्य फेवा ताल हुने गरेको छ । फेवातालको किनारामा अवस्थित सुन्दर स्थान लेकसाइडमा बस्ने र तालको पानीमा बोटिङ गर्न अधिकांश पर्यटकहरु रुचाउने गर्छन् । फेवातालको वीचमा रहेको तालबाराही मन्दिर दर्शन गर्न पनि उत्रिकै भिड लाग्ने गर्छ ।

डुङ्गा भाडामा लिएर दिनभरि बोटिङ गर्ने युवा-युवतीको जोडी र परिवारहरुको घुइँचो लाग्ने गर्छ । सुन्दर ताल र तालमा तैरिएका डुङ्गाहरु देख्दा स्वर्गको कुनामा पुगेको अनुभूति हुने गर्छ । फेवाताल, वेगनास ताल र रुपातालमा बोटिङ मात्र नभई फिसिङको समेत व्यवस्था छ । फेवातालमा देखिने माछापुच्छे हिमालको दृश्यले पनि पर्यटकलाई निकै आकर्षित गर्छ ।

फिसिङ गर्न विदेशीहरु निकै रुचाउँछन् । लेकसाइड साँझ परेपछि बिहे मण्डपजस्तै देखिन्छ । यहाँबाट देखिने सबैभन्दा आकर्षक पक्ष सराङकोटबाट गरिने प्यारा ग्लाइडिङ हो । सराङकोटबाट उड्ने प्याराग्लाइडिङ फेवातालको किनारामा ल्यान्डिङ हुन्छ ।

फेवातालको किनाराबाट सराङकोटतर्फ हेर्दा रंगी-विरंगी प्याराग्लाइडिङ उडिरहेको देख्न पाइन्छ । साहसिक मनोरञ्जनमा रुची राख्नेहरु प्याराग्लाइडिङमा उडेर मज्जा लिन्छन् भने नसक्नेहरु हेरेरै भए पनि रमाइलो लिन्छन् ।

छोरेपाटनमा रहेको डेभिड फल्स र गुप्तेश्वर गुफा पोखराको अर्को आकर्षण हो । फेवातालको पानी डेभिड फल्सको गल्छीबाट गुप्तेश्वर गुफा हुँदै सेती नदीतर्फ बग्छ । डेभिड फल्स पानी नहुने समय हिउँदमा त्यति आकर्षक नहुने भए पनि वर्षमा पुग्नैपर्ने ठाउँ हो । ठूलो पानीको भेल गल्छीभित्र पस्दा देखिने पानीको फोहोरा र त्यहाँबाट निस्कने बाफ साँच्चिकै आकर्षक देखिन्छ ।

गुप्तेश्वर गुफा खाल्डोजस्तो स्थानमा रहेको छ । गुप्तेश्वर महादेवको दर्शन गर्न र गुफाको मज्जा लिन यहाँ पनि पर्यटक तथा स्थानीयहरुको भिड लाग्ने गर्छ । गुफामा रहेको मन्दिरबाट अझै अगाडि बढे हामीले डेभिड फल्सको पानी देख्न सक्छौं । पानी हेर्ने गरी एक किलोमिटरभन्दा लामो गुप्तेश्वर गुफा हेर्न हिउँदमा जानुपर्ने हुन्छ ।

फेवातालमाथिको डाँडामा अवस्थित सेतो गुम्वा पनि स्वदेशी विदेशीको आकर्षणको केन्द्र मानिन्छ । पोखरा पुग्नेहरु एकपटक उक्त गुम्बामा पुग्ने गर्छन् । यहाँबाट पोखराको सुन्दर दृश्य, फेवाताल, हिमाल, सराङकोटको डाँडालगायतका सुन्दर दृश्यहरु देखिने हुँदा निकै रमाइलो महसुस हुने गर्छ । विन्ध्यवासिनी मन्दिर, नेपालकै सबैभन्दा बढी विद्यार्थी पढ्ने पृथ्वीनारायण क्याम्पस, हलनचोकको डाँडा, बेगनास ताल, रुपाताल, अर्गानिक तरकारी फल्ने हेम्जा, महेन्द्र गुफा, चमेरी गुफा, माटेपानी गुम्वा, लुम्लेमा पनि पर्यटकको घुईंचो लाग्ने गर्छ ।

पोखराको अर्को आकर्षक पक्ष सेती नदी हो । करिव २ सय मिटरको गहिराइमा बग्ने सेती नदी देख्दा जोसुकै आश्चर्यचकित हुन्छन् । पोखरा खोँचैखोँच भएको शहरकारुपमा समेत चिनिन्छ । यहाँबाट विभिन्न ट्रेकिङ रुटहरुमा जान सकिन्छ ।

माथिल्लो मुस्ताङ, मुक्तिनाथ, पुनहिल, अन्नपूर्ण वेस क्याम्प, गुरुङहरुको सुन्दर वस्ती रहेको घान्द्रुक लगायतका विभिन्न स्थानमा ट्रेकिङका लागि पोखरा प्रवेशद्वार हो । पछिल्ला वर्षहरुमा यहाँ ठूला साना पर्यटकस्तरीय होटलहरुको संख्या पनि निकै बढेका छन् । पर्यटनमा लगानी गर्नेहरुले पनि पोखरालाई आधार बनाएका छन् ।

***श्रीधर पौडेल/अनलाइनखबर***

**पोखरा ईन्जिनियरिङ कलेजको**
**भर्ना सम्बन्धी सूचना !**

आफ्नो स्थापनाकाल देखिनै गुणस्तरिय प्राविधिक शिक्षा प्रदान गर्दै आइरहेको यस कलेजमा शैक्षिक शत्र २०७३/७४ को लागि निम्न कार्यक्रमका सीमित सिटहरुको लागि नयाँ लिइने हुँदा तुरुन्त सम्पर्क गर्नुहोला ।

कार्यक्रमहरू:
- Diploma in Computer Engineering(3 years)
- TSLC in Civil Engineering (18 Month)
- आवश्यक न्यूनतम योग्यता: SLC पास वा सो सरह
- फारम बुझाउने अन्तिम मिति: २०७३ कार्तिक २५ गतेसम्म मात्र ।
- प्रवेश परीक्षा: २०७३ कार्त्तिक २७ गते (Diploma विहान ७:00 बजे, TSLC विहान ११ :00 बजे) ।

विस्तृत जानकारीका लागि:
**पोखरा ईन्जिनियरिङ कलेज**
फिर्के-८, पोखरा
फोन नं. ०६१-५२५९२६, ५३१२०९, ५२८५३०
URL: www.pec.edu.np

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- *लर्ड नेपियर*

## सम्पादकीय ...

# पुनर्संरचना अपेक्षा अनुरुप

स्थानीय तह पुनर्संरचना आयोगले स्थानीय तहको संख्या र सीमा निर्धारणमा तदाकता देखाएको छ। आयोगले कार्तिक २० गतेभित्र सबै जिल्लालाई प्रतिवेदन पठाउन भनेपछि धेरै जिल्लाले प्रतिवेदन पठाइसकेका छन् भने सहमति जुट्न बाँकी जिल्ला अन्तिम तयारीमा जुटेका छन्। तराई मधेशका केही जिल्लामा बाहेक राजनीतिक रुपमा अन्यत्र कतै अवरोध नभएको आयोगले जनाएको छ। जसले गर्दा यसपटक आयोगमा सबै जिल्लाबाट जिल्लागत प्राविधिक समितिले तयार पारेका प्रतिवेदन प्राप्त हुने र सोहीअनुसार आयोग निष्कर्षमा पुग्ने देखिन्छ। अघिल्लोपटक पाँच सय ६५ स्थानीय इकाई बनाउने प्रस्तावसहित आयोग तयारीमा जुटेपनि केही प्रमुख दलबाटै बिरोध भएपछि आयोग असफल भएको थियो। प्रमुख तीन दलको इलाकालाई समेत आधार मान्ने निर्णयपछि आयोग बढीमा सात सय ४४ इकाई बनाएर अघि बढ्ने निष्कर्षमा पुगेको थियो। जसअनुसार छोटै समयमा आयोगले उल्लेख्य उपलब्धि हात पारेको छ। यसको श्रेय जिल्लास्थित प्राविधिक समितिसम्बद्ध अधिकारीहलाई नै जान्छ, जसले चाडपर्व र सार्वजनिक बिदामा समेत रातदिन गरेर प्रतिवेदन तयार पारेका छन्। जिल्लास्थित प्राविधिक समितिहरुले धेरैजसो जिल्लामा सहमति जुटाएका छन्। पुरै सहमति नभएका जिल्लामा अधिकतम सहमतिका आधारमा प्रतिवेदन तयार पारिएको छ भने फरक मत पनि सुझावको रुपमा राखिएको छ। लोकतन्त्रको विशेषता नै यही हो, बहुमतको निर्णय र अल्पमतको सम्मान। त्यसो त राजनीतिक दलहरुले आयोगलाई राय दिनसक्छन्, अन्तिम निर्णय गर्ने अधिकार आयोगकै हुन्छ। संविधानअनुसार गठन गरिएको आयोग भएको र यसले आफ्नै कार्यादेशअनुसार काम गरेकाले आयोग आफैमा अधिकारसम्पन्न र स्वायत्त निकाय हो। आयोगकै उपसमितिको रुपमा प्राविधिक समितिले प्रतिवेदन तयार पार्ने र सिफारिस गर्ने जिम्मा पाएको थियो। सो समितिलाई आफ्नो राय दिन राजनीतिक दल, नागरिक समाज र सञ्चारकर्मीले सहयोग गरेका थिए। उनीहरु नै स्थानीय सरोकारवाला भएकाले राजनीतिक दल र नागरिक समाजको मत निर्णायक हुनु पनि स्वाभाविक हो। यसपटक जिल्ला तहमा निकै प्रजातान्त्रिक तवरबाट स्थानीय तह पुनर्संरचनाको गृहकार्य गरिएको छ। पुनसंरचना गर्दा देशभरि बिरोधका स्वर पनि नसुनिएका होइनन्, जो स्वाभाविक पनि छ। मूल संरचना निर्माण गरिएपछि त्यसभित्रका वडा विभाजन, कुनै संरचनालाई अर्कोमा राख्ने नाम परिवर्तनजस्ता काम नियमितरुपमा हुँदै जानेछन्। त्यसो त नगर र गाउँपालिकाको निर्वाचनपछि यी विषयमा निर्णय गर्न पनि सम्बन्धित निकाय स्वायत्त छन्। मुख्य कुरा अहिले मूल संरचना टुंग्याउनुपर्ने छ, त्यसमा आयोग सापेक्षिकरुपमा सफल नै देखिएको छ। अहिले स्थानीय तह पुनर्संचनामा सिंगो मुलुकको ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता छ। यो प्रत्यक्षः संविधान कार्यान्वयनसँग जोडिएको छ। अबको संविधान कार्यान्वयनको प्राथमिकता भनेको स्थानीय तहको निर्वाचन हो। निर्वाचन हुनुअघि स्थानीय तहको पुनर्संरचना आवश्यक छ। त्यसैले जतिसक्दो चाँडो स्थानीय तहको पुनर्संरचना हुन्छ, त्यसकै आधारमा स्थानीय निर्वाचन ऐन बन्ने र त्यसले नै चुनाव निश्चित गर्ने भएकाले पनि अहिले यसलाई तदारुकताका साथ अगाडि लैजानुपर्ने आवश्यकता छ। आयोगले ढिलोमा मंसिरको पहिलो हप्ताभित्र प्रतिवेदन बुझाउने तयारी गरेको छ। सबै जिल्लामा यसमा सहयोगी हुने गरी प्रतिवेदन पठाउन बाँकी जिल्लाले तत्काल पठाउन आवश्यक छ। त्यसो त मापदण्ड अनुसार जिल्ला तहबाट प्रतिवेदन नआए आयोगले आफैं प्रतिवेदन तयार पार्ने पनि आयोगले स्पष्ट गरिसकेको छ। त्यसैले कुनै जिल्लाले प्रतिवेदन नपठाउँदैमा आयोगको काम रोकिदैन, बरु जिल्लाहरु आफ्नो संरचना आफै सिफारिस गर्न पाउने अधिकारबाट विमुख हुने खतरा रहन्छ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल कार्तिक २४ गते बुधबार, तदनुसार नोबेम्बर ९ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको नवमी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मकर राशिमा अहोरात्र रहनेछ। आज दिनमान २७ घटि १२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २० मिनेटमा तुरुदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २० मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला ।

**वृष** : जोखिम कार्य सफल हुने, यात्रा फलदायी, तार्किक क्षमताको विकास, अध्ययनमा सफलता मिल्नेछ ।

**मिथुन** : स्वास्थ्यका एक्कासी समस्या देखा पर्ने, हतियारबाट कष्ट, विरोधी सक्रिय, नास्तिक विचार पलाउनेछ ।

**कर्कट** : यशकीर्ति बढ्ने, आफन्तबाट सहयोग, नवीन कार्यमा लगानी, व्यापारबाट पर्याप्त मुनाफा हुनेछ ।

**सिंह** : पारिवारिक सहयोग, उत्साह उमंग पलाउने, व्यापारबाट लाभ, वैयक्तिक प्रभाव बढ्नेछ, समय शुभ रहनेछ ।

**कन्या** : मनमा अनावश्यक पीडा, अनावश्यक टक राव हुने, आर्थिक भार थपिने, आफन्तबाट धोका पाइनेछ ।

**तुला** : एक्कासी आम्दानीमा वृद्धि, राज्यपक्षबाट सहयोग, प्रेम प्रसंग सफल, तार्किक क्षमताको विकास हुनेछ ।

**वृश्चिक** : कार्यमा व्यावधान आम्दानी घट्ने पारिवारिक किचलो, स्वास्थ्यमा धन खर्च गर्नुपर्ने छ सतर्क हुनुहोला ।

**धनु** : मानहानी हुन सक्नेछ, अनावश्यक झन्झट आइलाग्ने, मन परेको खानमा अव रोध हुने, दिन खराब रहनेछ ।

**मकर** : रोजगारीबाट आत्म सन्तुष्टि मिल्नेछ, मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, सम्मानको अवसर ।

**कुम्भ** : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य र व्यापारमा असफल हुने, टाढाको यात्रा विफल ।

**मीन** : दुर्घटनाका भय, आफन्तसँग मनमुटाव, शारीरिक पीडा थपिने समय खराब छ, सतर्क हुनुहोला ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# रक्षक नै भक्षक भए पछि कसको के लाग्छ र ?



✍कलाधर आचार्य

*"मै खाउँ, मै लाउँ, सुख, सयल वा मोज म गरुँ*
*मै हाँसु, मै नाचुँ, अरु सब मरुन दुर्वलहरु ।"*

दरबारको पुच्छर, भ्रष्टाचारको नाइके, २०६२/०६३ को जनआन्दोलन दवाउन प्रमुख भूमिका खेल्ने पात्र, यस्ता व्यक्ति कसरी अख्तियार प्रमुख बन्न पुगे, बनाइयो, यो नै रहस्यमय विषय खड्किरहेको छ । राजनैतिक दलहरु, यिनका आसपासे, नागरिक समाज, एनजिओ, आइएनजिओ, मानवअधिकारवादी, संचार माध्यम, पत्रपत्रिका जगतहरु यी सबैले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कहिँ कतैबाट हुण्डी खाएर गरेको भ्रष्टाचार किन रोकिदैन र यो रोक्ने दायित्व कसको हो ? देशका प्रमुख राजनीतिक दलहरुको सहमतिमा आफूहरुलाई कदापि कुनैपनि कसुरमा कार्वाही गर्न नपाउने शर्तमा कुविन्नोमा खुट्टा लगाए झैं उभ्याएको गरी नियुक्ति गरिएको व्यक्ति स्वयम् आफूहरु माथि नै जाइ लागेपछि देखावटी रुपमा महाअभियोगको प्रस्ताव पेश गरी कतै चोखिन खोजिएको त होइन ?

स-साना माछाहरुको शिकारले खान्की नपुगे पछि र पुऱ्याउन समेत धौ धौ भए पछि ठूला-ठूला माछाहरुको शिकार गर्न खोज्दा र जालमा पार्न खोज्दा अब वर्वाद हुने भयो । मोराले त हाम्रो समेत पोल खोल्ने प्रयास गर्न शुरु गऱ्यो भनि डर, त्रास र भयले आत्तिई देखावटी रुपमा "तिमी रोए झैं गर हामी कुटे झैं गर्छौं" भनि गर्न, भन्न खोजिएको जस्तो भान जनमानसमा पैदा भैसकेको छ । हेरौं, त्यो त भविष्यले नै बताउला । माओवादीको श्रम शिविरमा लडाकु भ्रष्टाचार प्रकरण, मनमोहन चिकित्सा अस्पतालमा भए गरेको घोटाला र एनसेल प्रकरण जस्ता थुप्रै थुप्रै मुद्दाहरु उनीमाथि दर्ता भएको छ ।

यी त भए बाहिर आएका र थाहा भएका कुराहरु, भित्र-भित्र यस्ता थाहा नै नभएका र बाहिर आउन गाह्रो मानेका विषयहरु त थुप्रै होलान् नि । गगन थापाबाट एकपटक पेश गरेको महाअभियोग प्रस्तावलाई तुह्याए झैं गरी पुनः यस पटक पनि कतै राजीनामा मात्र गराई उनलाई पनि चोख्याउने र आफूहरु पनि चोखिने चलखेल गर्न लागिएको त छैन ? अन्यथा अर्काको आन्तरिक मामलामा विदेशी शक्तिले किन दवाव दिइरहन्छ ? कि त्यो शक्ति पनि यो प्रकरणमा सामेल छ कि कसो । मध्यममार्गी बाटो अपनाउनु पर्दछ भनि बोल्नुको तात्पर्य के हो र, त्यसको हैसियत के हो, किन पटक पटक "डाक्नु र बोलाउनु लिँडो पुच्छर हल्लाउनु" भने झैं गरी हामी माथि जाइ लाग्छ । यस्ता लुते र भुस्याहा कुकुरको वर्णन गर्ने शब्द त शायद शव्दकोषमा नै छैन होला, म सँग त कहाँबाट होस् ।

हामी पनि अरुहरुको आन्तरिक मामलामा हस्तक्षेप गर्दैनौं र अनि हाम्रो मामलामा हस्ताक्षेप गरेको पनि सहँदैनौं। हामी स्वाभिमानीहरुको पहिचान यही नै हो । साना तिना भुरा माछाहरु जालमा पारी यहाँ नै बटुल्ने र ठूला ठूला ह्वेल माछाहरु जालमा पारी जाल सहित विदेश तिर (स्वीट्जरल्याण्ड) लगि हिसाब-किताब मिलाई छाडिदिने । यसरी अकुत रुपमा जम्मा भए गरेको यथार्थ हिसाबको फेहरिस्ता जनता सामु छर्लङ्ग पार्नु राज्यको दायित्व हो । हामी सम्पूर्ण नेपालीहरु यही पर्खाईमा छौं ।

संवैधानिक निकाय तथा राजनैतिक निकायका उच्च उच्च पदहरुमा भागबण्डाको आधारमा नियुक्ति गर्दा यस्तै दुर्दशा पैदा हुन्छ । हो त्यसै भएर भागबण्डा र पार्टीको हिसाबमा नभई स्वच्छ, नैतिक, योग्य, अनुभवी र अनुशासिन व्यक्ति चाहे जोसुकै जुन सुकै पार्टीको होस्, त्यस्ता कर्मठ र योग्य व्यक्तिहरुको चयन गरिनुपर्दछ । हुन त प्रचण्ड बाबुको भागबण्डामा परेको र उनकै रोजाईको व्यक्ति कहाँबाट गतिलो हुन्छ र उनी स्वयं आफू पनि कुन ड्याङ्का मूला हुन् र ? कस्तो चरित्रका हुन्, यो त छर्लङ्ग नै छ । यहाँनेर "लहरो तान्दा पहरो थर्कन्छ" भन्ने उखानको चरितार्थ हुन्छ होला । लोकमान त देखावटी रुपमा मात्रै छन् । यो षड्यन्त्र, जाल भित्र त थुप्रै देशी-विदेशी लोकमानहरु संलग्न छन् । एक्लो कार्कीबाट यत्रो सिङ्गो जहाज बोक्ने हैसियत त अवश्य छैन होला नि । नियुक्ति गर्दाको समयमा सम्पूर्ण कुराहरु थाहा पाई पाई नियुक्ति गर्ने दलका नेताहरु र आसेपासे लगायत सम्पूर्ण कसुरदारहरुलाई प्राकृतिक नियमको सिद्धान्त अनुसारको दण्ड जरिवाना गर्नु पर्दछ ।

यहाँनेर मलाई एउटा नेपाली उखानको याद आयो "जस्तालाई त्यस्तै, ढिँडोलाई निस्तै", कानूनको तर्जुमा गर्दा गरिँदा कसुरदारलाई उसले गरेको कसुर अनुसारको सजाय आभियुक्तले अदालत समक्ष स्वीकार गरिसकेपछि ज्यान मार्नेलाई मृत्युदण्ड, चोरी, चाकडी, भ्रष्टाचार गर्नेलाई भ्रष्टाचार गर्ने हात नै काटिदिने र जवरजस्ती यौन सम्पर्क गर्नेलाई लिङ्गछेदन गरी दिने वा नपुंसक बनाई दिने हो । त्यस्तै त्यस्तै सजाय दिएमा म भन्दछु देश रामराज्य बन्दछ र १० वर्षभित्र स्वीट्जरल्याण्ड बन्दछ । तर यहाँ मानव अधिकारको खोक्रो नारा दिइन्छ । कसुर गर्ने व्यक्तिले सजाय पाउँदा मानव अधिकारको हनन हुने रे, के कसुर गर्दा र अरुमाथि जाइलाग्दा त्यो व्यक्तिको मानव अधिकार हनन भएन र भनि चिच्याउनेहरुले कहाँ कुन दुनियाको मानवअधिकार हो यो ? भर्खरै मात्र साउदी सरकारले त्यहाँको राजकुमारलाई आफ्नै साथीलाई अनाहकामा गोली हानी हत्या गरेको अभियोगमा मृत्युदण्डको सजाय दियो । त्यहाँका राजा छोरालाई मृत्युदण्ड दिंदा पनि कठोर बनि धैर्य धारण गरेर कानूनको सम्मान गरे । हो, न्यायको नजरमा सबै बराबर हुन्छन्, कोही ठूलो, सानो वा काखा, पाखा हुँदैन । "सानोलाई ऐन ठूलोलाई चैन" केही फरक हुँदैन । यहाँ पनि यस्तै यस्तै कानुनको तर्जुमा गरी अभियुक्त चाहे जो सुकै होस् कानुनको कठघरामा उभ्याउनु पर्दछ । यसो गर्दा हामी नै उम्कन पाउँदैनौं भन्ने ध्येय राखी कानुनको तर्जुमा गर्नेहरु कानुन हातमा लिन्छन् र यही कारण यस्तो अवस्थाको संकट आइरहेको छर्लङ्ग देखिन्छ ।

अब यतिखेर दोस्रो पटक पेश भएको महाअभियोगका प्रस्तावक र समर्थकहरु कुनै पनि देशी वा विदेशी शक्तिहरुबाट परिचालित नभई लोभ, मोह, डर, त्रास वा धम्कीमा नफसी यो प्रकरणलाई छर्लङ्ग देखिने गरी देशवासी सामु ऐना हेरे झैं गरी अभियुक्तहरुलाई स्पष्टरुपमा उभ्याएर कार्वाही गरेमा धन्यवादका पात्र मात्र नभई नेपाली आमाका सपुत हुने नै छन् । अन्यथा "मुति-मुति गाई साउनमा ब्याई" भने झैं मात्र हुनेछ ।

प्रसंग थोरै बदलौं, "हिमाल, पहाड, तराई, कोही छैन पराई" भनि बसिरहेकाहरुलाई असम्भव कुराको (संघीयता) नारा फालेर विभेद गराई के गर्न खोजिरहेको हो थाहा छैन । गिरिजा र बाबुरामको पालामा ३०/४० लाख नागरिकता विना पहिचान सत्यनारायणको नैवेद्य बाडे झैं गरी बाँडेर को, कति, कसरी घुसपैठ भए थाहा छैन ।

अब पनि संविधान कार्यान्वयन नै हुन बाँकी रहेको तथा नसकेको अवस्थामा तराई टुक्र्याउने, अनि विदेशीमूलका व्यक्तिहरु अंगिकृत नागरिकता प्रदान गरी देशको उच्च उच्च पदमा आसिन गराई हामीलाई पन्छाई उनीहरुबाटै राज्यसत्ता संचालन गर्ने खोजमा कोही लागिपरिरहेका छन् र घम्मरघुस गरी कम्मर कसिरहेका छन् । यो दिवा सपना नदेखे पनि हुन्छ । आफ्नो नितान्त व्यक्तिगत स्वार्थ सिद्ध गर्न र देशको सार्वभौमसत्ता माथि खेलवाड गरी देशको साँचो विदेशी दलाल र दासत्व प्रवृत्तिमा हुर्केकाहरुलाई सुम्पन आतुर देखिन्छन् र उसैको इशारामा दौडिरहेका छन् । हिन्दु राष्ट्र कायम गर्छौं भनि दण्डवत गरी पाउ परी आर्थिक लोभमा फसेकाहरु र नेपालीहरुको महान चाड, पर्व दशै, तिहारमा टिका नलगाउने, पाए भेटाए गाईको मासु पनि खाइहाल्ने, यस्ता निचहरु एक थोक बोल्ने अनि काम उल्टो गर्ने के को हिन्दू राष्ट्र बनाउँछौं भनि भिख माग्दै हिड्ने र हिन्दू राष्ट्र बनाउने भए त त्यही अनुसारको व्यवहारहरु काम गर्न पऱ्यो नि ।

मित्र भै सकेपछि मित्रवत व्यवहार हृदयबाट नै गर्न र देखिन पर्‍यो नि । खै कहाँ, कसरी कताबाट देखियो, ६/६ महिनासम्म हामीलाई भोकभोकै मारी नाकाबन्दी गरिएको अवस्थामा एक शब्दसम्म उच्चारण नगर्ने अझै त्यो रन्जीत रे लाई उक्साउने र प्रोत्साहन गर्ने, अनि अहिले देखावटी रुपमा मित्रको संज्ञा दिने । हो, छिमेकी राष्ट्रपतिलाई हाम्रो देशमा आउँदा मान, सम्मान र सुरक्षा दिनु हाम्रो कर्तव्य हो । अनि दायित्व पनि । आफ्नो आफ्नो मान, मर्यादा र सीमाभित्र त सबै बस्न पऱ्यो नि । सुरक्षाको नाउँमा बिरामी बोकेर हिडेका एम्बुलेन्स र पानीको ट्यांकर अनि रगत नपाएर सोको अभावमा मृत्युको शैय्यामा छटपटाई रहेको बिरामीलाई रगत लिएर दिन जाने क्रममा बाटो नै अबरुद्ध गर्नु कहाँको, कस्तो सुरक्षा र सम्मान हो । मोदी आएर गएपछि उनले भने जस्तो नहुँदा लामो समयसम्म नाकाबन्द गरियो, अब मुखर्जी आएर गएपछि कतै मुखै बन्द हुने त होइन । साँचो कुरा व्यक्त गर्न पर्दा यिनीहरु "मुखमा राम राम बगलीमा छुरा" स्वभाव भएका मित्रहरु हुन् । आफ्नै देशको राष्ट्रपति जानकी मन्दिरमा प्रवेश गरी पूजाआँचा गर्दा अपवित्र भयो भनि पानीको फोहोरा प्रयोग गरी सरसफाई गर्नेहरु अहिले जानकी मन्दिर मात्र नभएर पशुपतिनाथ लगायत मन्दिरमा छिमेकी राष्ट्रपति आई पूजाआँचा गरेको के कसरी सरसफाई गर्दैछन् हेर्न बाँकी नै छ र को कसको कहाँ झुकावट रहेछ र कोबाट संचालित रहेछन्, के गर्दैछन् भन्ने हैसियत पनि यसबाट नै स्पष्ट झल्किन्छ । अन्त्यमा, भान्छामा प्राप्त भएको सामाग्रीको आधारमा मिठो-नमिठो खाना पाठकहरु समक्ष पस्केको छु, जे जस्तोसुकै भएता पनि रुची अनुसार खाई दिनु भई (अध्ययन) गरी सोको प्रतिक्रिया सुझाव पाउने आशा व्यक्त गर्दछु ।

# अंगीकृत नागरिकता विवादः मोही माग्ने, ढुंग्रो लुकाउने ?

✍अधिवक्ता दीपेन्द्र झा



नेपाली समाजमा प्रचलित उखान छ, मोही माग्न जाँदा ढुंग्रो लुकाएर हुँदैन । अंगीकृत नागरिकताको विषय हाम्रो एजेण्डा होइन भन्नेहरुका लागि अन्तरिम संविधान बमोजिम हुनुपर्छ भन्नु मोही माग्दा ढुंग्रो लुकाउनु जस्तै हो । अन्तरिम संविधानले कुनै पनि नागरिक(नागरिकबीचमा विभेद गरेको थिएन । केवल १० वर्षसम्मको बार लगाइएको थियो, पदको बार लगाइएको थिएन । झण्डै १० वर्षसम्म हामीले अन्तरिम संविधान लागू गर्‍यौं, खै त कहिल्यै राष्ट्रघात भएन ! यदि राष्ट्रघात भएको हो भने अन्तरिम संविधानका निर्माताहरु सात पार्टीका नेता गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, नारायणमान बिजुक्छे, सीपी मैनाली लगायतलाई राष्ट्रघातको मुद्दामा कारबाही चलाऔं ।

मधेसीले अन्तरिम संविधान बनाएको होइन । त्यसै पनि नेपालमा राष्ट्रघाती प्रायः वंशजधारी नागरिकहरु नै हुन् । त्यति मात्रै होइन, ००४, ०१९ र ०४७ सालका संविधान निर्माताहरुलाई पनि राष्ट्रघाती घोषणा गरौं, किनभने नागरिकताको यस्तो प्रावधान यी संविधानहरुमा पनि थिए । राजा महेन्द्रभन्दा पनि राष्ट्रवादी अहिलेका संविधान निर्माताहरु भए, जसले लामो सूचीका पदहरुमा जानबाट अंगीकृत नागरिकहरुलाई रोके । त्यति मात्र होइन, जन्मसिद्ध नागरिकहरुलाई पनि ती लामो सूचीका पदहरुमा जानबाट रोक लगाइएको छ ।

अंगीकृत नागरिकता भनेको राज्यले दिने हो, यो कसैको अधिकार होइन । यो राज्यको स्वविवेकमा भर पर्छ । नदिए भैगो नि ! नदिएपछि भाग खोस्ला भन्ने डरै हुँदैन । अमेरिकी सर्वोच्च अदालतका न्यायाधीश जोन मार्शलले नागरिकताको मुद्दामा भनेका छन्, कि त नागरिकता नदेऊ र नागरिकता दिइसकेपछि नागरिक-नागरिकबीचमा फरक व्यवहार नगर । ०४६ सालपछि जम्मा दुई जनालाई मात्र सरकारले अंगीकृत नागरिकता दिएको बुझिएको छ । हुँदै नभएको कुरालाई लिएर सडकमा ओर्लिनुको के तुक ? वैवाहिक अंगीकृतलाई सामान्य अंगीकृत नबुझियोस् । वैवाहिक अंगीकृत भनेको वैवाहिक वंशज नै हो । हाम्रो परम्परागत समाजमा पुरुषको वंश मात्र चल्छ । जुन महिला नेपालीसँग बिहे गर्छिन्, उनको अन्तिम नाम समेत परिवर्तन हुन्छ । मेरी दिदीको पहिलाको नामको पछाडिको थर झा अब कायम रहेन, उनी मिश्रा भएकी छिन् । विवाह भएर आएकी महिला आफ्नो देश, परिवार, माटो, वंश छोडेर तपाईंको वंशलाई अंगीकार गर्छिन् । यद्यपि पुरुषवादी वंश मात्र चल्ने राम्रो होइन तर यथार्थ यही नै छ ।

हामीले संविधानको धारा नम्बर २८९ कस्तो बनायौं त ! मलाई जन्म दिने कोख अस्वीकृत र म चाहिँ स्वीकृत ! बाबुको वीर्य शुद्ध र आमाको अण्डाशय अशुद्ध ! हैन, हामी कतिविघ्न पुरुषवादी भएको हो ? अंगीकृत नागरिक हुँदैन भनेर सडकमा ओर्लिनेहरु सम्झिराख्नुस्, अमेरिका र युरोपमा तपाईंका छोरीहरु होलान् र यदि तिनीहरुले त्यतै बिहे गरेका रहेछन् भने तिनका छोराछोरी तपाईंका काठमाडौंका महलमा हजुरबासँगै आएर बस्छ भने तिनले भोग्ने नियति पनि यही हो । तपाईंका नातिनातिना पनि नेपालमा दोस्रो दर्जाकै नागरिक हुन्छन् ।

यस कारण यो मधेसीको एजेण्डा मात्र होइन, लैंगिक समानताका लागि पनि हामीले लडाइँ मात्रै गरेका हौं । हैन, कस्तो छेकबार राखेको ! गृहमन्त्री हुन मिल्ने तर प्रहरीको महानिरीक्षक अर्थात् आईजीपी हुन नमिल्ने ! रक्षामन्त्री हुन मिल्ने तर आर्मी चिफ हुन नमिल्ने ! स्यालुट दिन हुन नमिल्ने तर स्यालुट लिन मिल्न हुने !

नेपाली कांग्रेसकी कोषाध्यक्ष सीतादेवी यादव जो अंगीकृत नागरिक हुन्, उनी शान्तिमन्त्री हुन मिल्ने तर, प्रदेश सभाको सभामुख र मुख्यमन्त्री हुन भने नमिल्ने १ यो कस्तो हाँडीगाउँको जात्रा हो ! कसले भन्छ अंगीकृत नागरिकहरुको अधिकारको एजेण्डा मेरो एजेण्डा होइन ? म भन्छु, यो मेरो एजेण्डा हो, मलाई दूध खुवाएकी मेरी आमाको मर्यादा र बराबरीको एजेण्डा हो ।

मलाई थाहा छ, मेरी आमा कहिले पनि संवैधानिक पदमा जान सक्नु हुन्न, तर उहाँलाई दोस्रो दर्जाको नागरिक बनाइएको मलाई कदापि स्वीकार्य छैन । यसैले म भन्छु, यो मेरो मात्र होइन, पारिजात, लैनसिंह बाङ्देल, अम्बर गुरुङ, पशुपति शम्शेरदेखि मेरा गाउँका नगरु दास तत्मा सम्मको एजेण्डा हो, जसले हैगर (विहार) मा विवाह गरेका छन् ।

म खुला रुपमा बहस गर्न तयार छु, अंगीकृत नागरिकमाथि विभेद गर्ने अहिलेको संवैधानिक प्रावधान गलत छ । हाम्रो अन्तरिम संविधान ठीक थियो । राष्ट्रपति, उपराष्ट्रपति जस्ता उपल्लो पदमा यदि गोर्खाली नेताहरु भट्टराई, दाहाल, नेपालकै चयन गर्ने हो, अंगीकृत नागरिकलाई चयन नगरे हुन्छ । वंशज रायबहादुर तिनकै दलमा थुप्रै छन् नि, तिनैलाई छाने भैगो नि ! घोषणा गरिराख्नुपर्छ र ? फेरि अन्तरिम संविधानले १० वर्षको बार लगाएकै थियो । राष्ट्रपति, प्रधानमन्त्रीमा विजय हासिल गर्नु भनेको चानचुने कुरा हो र ? राजनीतिमा ठूलै संघर्ष नगरी यी पद पाइँदैन ।

विगतको इतिहास हेरौं, ४० वटा प्रधानमन्त्रीमध्ये सबै खस आर्य समुदायका व्यक्तिहरु नै प्रधानमन्त्री भएका छन् । यस्तै, अघोषित नीति लागू गर्न कसले पो रोकेको छ र ? डिफेक्टो काम गरिरहेकै बेलामा डिजुरे किन राख्नुपर्‍यो ? अहम् र राष्ट्रवादको धङधङीले अहिले पनि काम गरेको छ भन्नुपर्छ ।

अंगीकृत नागरिकताको एजेण्डा खासगरी मधेसका हरेक परिवारको एजेण्डा हो । किनभने सिमापारि बेटीरोटीको सम्बन्ध प्रभावित भएको छ । कमरेड नारायणकाजी श्रेष्ठले भारतले सोनिया गान्धीलाई प्रधानमन्त्री बनाएन, हामीले किन अंगीकृतलाई यस्तो पदमा जान दिने भनेर अन्तर्वार्ता दिनुभएको छ । तर, यहाँ बुझ्न के जरुरी छ भने भारतको संविधानले सोनिया गान्धी जस्ता अंगीकृत नागरिकलाई प्रधानमन्त्री वा यस्तो उच्च पदमा जानबाट रोक्दैन । सोनिया गान्धी आफैं प्रधानमन्त्री बन्न चाहनुभएन । तर, हामी संगीताहरुका लागि लागि संघर्ष गर्छौं । मधेसीले उठाएको हरेक कुरामा भारतले उचालेको भन्ने तपाईं नारायणकाजीलाई म पनि के भन्न चाहन्छु भने तपाईंले बोलेको वा गरेको हरेक काममा चिनियाँले उचालेको हामीले किन नभन्ने ? लौ, अब यस्तै आरोप(प्रत्यारोपमा लागिराखौं ! नागरिकहरुमा बरमझियाको पेडा जस्तो असली, पहिलो दर्जा, वंश र नक्कली दोस्रो दर्जा बनाउन मिल्छ ? यदि राष्ट्रघातकै डर छ भने संविधानमा राखौं-वंशज, अंगीकृत र जन्मसिद्ध जसले राष्ट्रघात गरे पनि तिनका नागरिकता खोसिने प्रावधान । हेरौं त, कुन नागरिकताधारीको बढी संख्या पुग्दो रहेछ !

यहाँ अंगीकृतको हल्ला फिँजाइएको छ । जानिराखौं, अहिलेको संविधानले जन्मसिद्धलाई समेत संवैधानिक पदमा बन्देज लगाइएको छ । यो विषय कसैले पनि उठाइरहेको छैन । म सम्झन्छु, कमरेड शंकर पोखरेलको बोली । एक साँझको छलफलमा उहाँले बोल्नुभयो, 'जन्मसिद्धलाई संवैधानिक पदमा बन्देज लगाउने हाम्रो पार्टीको लाइन नै होइन, कसरी परेछ संविधानमा ?' जापान बाहेक अन्य कुनै मुलुकमा जन्मसिद्ध र वंशजबीच फरक गरिँदैन । हो कमरेड, यस्ता थुप्रै कुरा तपाईंका पार्टीले थाहै नपाउने गरी संविधानमा परेछ ! यस कारण अब हटाउने कि नहटाउने ? थाहा छैन, कसले नवनागरिक शब्दको विकास गर्‍यो, तर नागरिक भनेको नव र पुरानो हुँदैन । नागरिकता लिइसकेपछि सबै नागरिक समान हुन्छ, नयाँ र पुरानो हुँदैन । नागरिकहरुबीच दर्जाको पर्खाल खडा नगरौं । देशप्रति उत्तिकै लोयल बनाऔं । खुला सीमानाका कारण केही परिवार आएर नक्कली कागजातको आधारमा नागरिकता लिन्छ भने त्यसलाई रोक्ने उपाय सोचौं । राष्ट्रवादी सिडिओ साहेबहरुलाई नागरिकता बेची काठमाडौंमा महल खडा गर्न रोकौं । तर, आफ्नो कमजोरीको भार अर्कालाई नबोकाऔं ।

अहिले चर्चा चलाइएको छ, प्रधानमन्त्रीले मधेसी मोर्चाका नेताहरुलाई अंगीकृत नागरिकलाई पनि प्रमुख पदहरुमा जान दिनेगरी संविधान संशोधन गर्न लागेको पत्र पठाएको भन्ने । सवाल यो होइन, सवाल तर्क र बहसको हो । नागरिकताको सवालमा मधेसले उठाएको यो तर्कलाई अहिले तपाईंले सुन्ने साहस नगर्ने हो भने योभन्दा बढी उग्र तर्कको सामना चाँडै गर्नुपर्ला । जसलाई धान्न तपाईंलाई गाह्रो होला । संविधान भोलि संशोधन होला(नहोला, त्यो छुट्टै बहसको विषय हो । फेरि तपाईंहरुसँग संसदमा संख्या छ । तर, अर्कोतर्फको तर्क र वास्तविकता पनि बुझिराखौं । फेरि संशोधन पनि हाम्रा लागि भन्दा पनि तपाईंले आफ्नै शक्ति सम्हालिराख्नका लागि गर्ने हो । यस कारण संशोधन मधेसीभन्दा बढी सिंहदरबारको सत्ताको निरन्तरताका लागि चाहिएको हो ।

माइतीघरमा प्लेकार्ड बोक्ने ५० जनाले बिर्सिन नहुने कुरा के हो भने, पाँच लाख मानिस आफ्ना हक संविधानमा लेखाउन वीरगंजको सडकमा एकदिनमै उत्रेका थिए ।

स्रोत : अनलाइन खबर

# इन्सेक पोखरामा कार्यालयमा अनुभव आदान-प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ कार्तिक ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकबाट एफके फेलोसिपका लागि पठाईएका युवा र कास्कीका विभिन्न संघ संस्थामा आवद्ध क्रियाशिल युवाहरुबीच अनुभव आदान-प्रदान वैठक मंगलबार पोखरामा सम्पन्न भयो । इन्सेक पश्चिमाञ्चल क्षेत्रिय कार्यलयको आयोजनामा भएको वैठकमा एफके एक्सचेञ्ज कार्यक्रममा सहभागि संगीता भाटले करिब १० महिनासम्म सञ्चालित फेलोसिप कार्यक्रममा नेपाल र भारतका बिभिन्न स्थानहरुमा बस्दा देखिएका र भोगेका मानव अधिकारसंग सम्बन्धित विषय वस्तुका अनुभवहरु साटेकी थिईन् ।

इन्सेक र मानव अधिकारका क्षेत्रमा भारतको वनारसमा क्रियाशिल संस्था मानव अधिकार जननिगरानी संस्थाबीच एफके का प्रतिनिधि सहभागि भएका थिए । जसअर्न्तगत नेपालबाट स्याङ्जाकी संगीता भाट र मकवानपुरका निर्मल पौडलले सहभागिता जनाएका थिए । कार्यक्रममा बोल्दै प्रस्तुतकर्ता भाटले मानव अधिकार र युवा अधिकारका सवालमा तुलनात्मक रुपमा भारतमा कमजोर रहेको बताईन् । नेपाली युवाहरु राजनितीक बिभाजनका कारण अझै अगाडि बढ्न नसकेको अबस्था रहेको बताउँदै उनले भनिन् आफुले दश महिनाको अवधिमा भाषा र संस्कृतिका साथै शिक्षा र मानव अधिकारमा समेत थुप्रै भिन्नता भेटेको बताईन् ।



उनले भारतको बनारसमा रहँदा आफूहरुले अशिक्षा, बाल बिबाह लगायत बिभिन्न समस्याहरुलाई नियाल्दै त्यसको परिर्वतनका लागि गरिएका पहल प्राप्त उपलब्धीहरु प्रस्तुत गरेकी थिईन् ।

कार्यक्रममा इन्सेक केन्द्रीय कार्यालयका प्रशासन विभाग प्रमुख प्रेम पराजुलीले इन्सेक स्थापनाकाल देखि मानव अधिकारका क्षेत्रमा क्रियाशिल भएको बताउँदै विगतका तुलनामा हाल मानव अधिकारको अवस्था फराकिलो बन्दै गएको बताए । देश परिवर्तनमा युवाहरुको महत्वपूर्ण भुमिका रहने बताउँदै पराजुलीले आगामी दिनमा इन्सेकले युवा लक्षित कार्यक्रममा जोड दिने बताए । कार्यक्रममा इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यलयका संयोजक शिव खकुरेलले ईन्सेकले आगामी दिनमा युवा लक्षित कार्यक्रम संचालन गर्ने बताएका थिए ।

कार्यक्रममा को-क्याप पश्चिमाञ्चल कार्यक्रम संयोजक सरिता पुरी, डब्लु.ए.ओका अध्यक्ष सूर्य तिमिलसिना र युवा संजाल कास्कीका लक्ष्मण आचार्यले श्रव्य दृश्य प्रस्तुतिबाट आफूहरुले मानव अधिकारको क्षेत्रमा ईन्सेकले गरेका सकारात्मक पहलका बारेमा जानकारी पाएको अनुभव राख्दै आगामी दिनमा युवाको सहकार्यमा मानव अधिकार र युवा अधिकारका सवालमा इन्सेकले आफुहरुसंगै सहकार्य गर्दै अगाडि बढ्ने आशा व्यक्त गरे ।

# पिपलडाली मसलाबाट हौसिए बाँस्तोला

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ कार्तिक ।

एक वर्ष अगाडि उत्पादन शुरु भएको पिपलडाली मसला लोकप्रिय बनेको छ । देउराली टेष्ट एण्ड फ्लेबर इन्डष्ट्रिजबाट उत्पादित पिपलडाली मसला गण्डकी तथा धौलागिरी क्षेत्रमा धेरैको रोजाइमा पर्न सफल भएको उद्योगका सञ्चालक कृष्णराज बास्तोलाले जानकारी दिए । करिब ३ करोड रुपैयाँको लागतमा बास्तोलाले कास्कीको भलामा उद्योग सञ्चालनमा ल्याएका हुन् । १० ग्रामदेखि १ किलोग्राम सम्मको प्याकमा मसला बजारमा बिक्री भइरहेको उनले जानकारी दिए । ४० प्रकारका जडिबुटीको प्रयोग गरेर मसला उत्पादन गरिएको उनले बताए ।

जडिबुटीको प्रयोगबाट मसला उत्पादन भएकाले धेरैको रोजाइमा परेको बाँस्तोलाको दावी छ । मसला क्यामिकल रहित रहेको समेत उनले बताए । उद्योगबाट अहिले दैनिक १ हजार किलोग्राम मसला उत्पादन भइरहेको छ ।

बजारको माग बढ्दै गएकाले क्रमश: उत्पादन बढाउँदै लग्ने बास्तोलाले जानकारी दिए । 'बजारको माग अनुसार उत्पादन बढाउन सकिन्छ' उनले भने । विभिन्न डिलरमार्फत मसलाको बिक्री भइरहेको छ ।

नेपालमा उत्पादन भएका जडिबुटीलाई प्राथमिकतामा राखेर मसला उत्पादन गरिएको हो । मसलामा अलैची, टिमुर, जिम्बु, मरिज, सुठो, हलेदो, खुर्सानी लगायतको प्रयोग गरिएको प्रवन्धक नेत्र खाँणले जानकारी दिए ।

गण्डकी तथा धौलागिरी क्षेत्रमा लाकेप्रिय बनेको पिपलडाली मसलाको बजार बिस्तारलाई तिब्र बनाइएको खाँणले बताए । 'सुदुरपश्चिम कर्णालीदेखि पूर्वमा नारायणी हुँदै जनकपुर र सगरमाथा अञ्चलसम्म पिपलडाली मसलाको बिक्री भइरहेको छ' उनले भने । उद्योगबाट करिब दुई दर्जन ब्राण्डमा मसला उत्पादन भइरहेको छ । अहिले मसलाको मात्र उत्पादन शुरु गरेको उद्योगले भविष्यमा कच्चा पदार्थ पनि आफै उत्पादन गर्ने लक्ष्य राखेको छ ।

बजारको माग भएमा दैनिक ५ हजार किलोग्राम मसला उत्पादन क्षमता उद्योगमा रहेको छ । अहिले उद्योगमा ४० जनाले रोजगारी पाइरहेका छन् । मसला उद्योग सञ्चालन गरेका बाँस्तोलाले राइस मिल पनि सञ्चालन गरिरहेका छन् ।१३ वर्ष अगाडिबाट संचालित राइस मिलबाट ईश्वर ब्राण्डको चामल र चिउरा उत्पादन हुँदै आइरहेको छ ।

बाँस्तोलाले आगामी ३/४ वर्षभित्रै बिस्कुट र चाउचाउ उद्योग पनि स्थापना गर्ने लक्ष्य राखेका छन् । 'पोखरामा मसला उद्योगको आवश्यकता महसूस गरी यसमा लगानी गरेको हुँ,' बाँस्तोलाले भने, 'जडिबुटीको प्रयोग गरी उत्पादित मसला देशभरको बजारमा छिट्टै पुग्नेछ ।'

# पोखरामा लोकमान विरुद्ध हस्ताक्षर संकलन

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ कार्तिक ।

अख्तियार प्रमुख लोकमान सिँह कार्की विरुद्ध संसदमा पेश गरिएको महाअभियोग प्रस्तावका पक्षमा मतदान गर्न सभासदहरुलाई आग्रह गर्दै कास्कीमा संकलित हस्ताक्षर व्यवथापिका संसदमा पठाईएको छ । मंगलबार जिल्ला प्रशासन कार्यलय पोखरामा एक कार्यक्रमका बीच शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखराका अध्यक्ष ढाकाराम पौडेलले सहायक प्रमुख जिल्ला अधिकारी झलकराम सुवेदीलाई सो हस्ताक्षर सहितको ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका छन् । ध्यानाकर्षण पत्रमा सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले नागरिक समाजको कदमको प्रशंसा गर्दै संकलित हस्ताक्षरलाई आफुले सम्बन्धित निकाय समक्ष पुर्‍याउने प्रतिवद्धता व्यक्त गरे ।

ध्यानाकर्षण पत्रमा अख्तियार प्रमुखले संवैधानिक क्षेत्राधिकार उल्लंघन गर्नु लोकतान्त्रिक मुल्य र मान्यता विपरित भएकोले महाअभियोग प्रस्तावको समर्थन गर्न र लोकतन्त्रको विधिसम्मत प्रक्रियालाई आत्मसात गर्दै विधिको शासन अनुरुप मुलुकलाई अघि बढाउन माननीय सांसद ज्यूहरुलाई आग्रह गरिएको कुरा उल्लेख गरिएको छ ।

शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखराका अध्यक्ष ढाकाराम पौडेल, इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यलय पोखराका क्षेत्रीय संयोजक एवम् सञ्जालका महासचिव शिव खकुरेल, सञ्जालका सदस्य श्याम कुँवर, युवा संजालका अध्यक्ष लक्ष्मण आचार्य, महिला मानव अधिकार रक्षक सञ्जालकी अध्यक्ष जानकी शर्मा, मानव अधिकार एलाईन्सका अध्यक्ष रामचन्द्र पौडेल, मानव अधिकार रक्षक संरक्षक र प्रर्वद्धन केन्द्रका अध्यक्ष सरला कुमारी पाण्डे, महिला मानव अधिकार रक्षक सञ्जालका सचिव कल्पना भण्डारी, एकल महिला समुह कास्कीका सचिव जुना केसी लगायतले ध्यानाकर्षण पत्रमा हस्ताक्षर गरेका थिए । शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखराको आयोजनामा कात्तिक ८ गते पोखरामा संकलन गरिएको हस्ताक्षरमा विभिन्न राजनीतिक दलका नेता, मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि, कानून व्यवसायी, विभिन्न संघ संस्थाका प्रतिनिधि, विद्यार्थी एवम् सर्वसाधारणहरुले सहभागिता रहेको थियो ।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।

# युवा अभियान्ताको संयोजकमा अधिकारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ कार्तिक ।

कास्कीका बिभिन्न क्षेत्रका युवा अभियानताहरुको मगंलबार पोखरामा भएको भेलाले हेमराज अधिकारीको संयोजकत्वमा १५ सदस्यीय युवा नागरिक मञ्च, कास्कीको गठन गरेको छ। युवाहरुलाई अधिकार र नागरिक सरोकारका बिषयमा अनुगमनकारी भूमिका खेल्ने उद्देश्यका साथ गठित समाजका सह-संयोजकमा क्रमस मोनिका रानाभाट, सुनिता तिमिल्सिना निर्विरोध निर्वाचित भएका छन् । सदस्यहरुमा क्रमश: बिदुर सुबेदी, नारायणी त्रिपाठी, सुमन वि.क, राजेश थापा, कपिल पोखेल, सुमन परियार, कल्पना सुनार, आशा सुनार, सपना सुनार, अनिश पौडेल, सन्जिव आचार्य चयन भएका छन् ।

नव निर्वाचित संयोजक हेमराज अधिकारीले कास्कीका युवाहरुलाई संगठित गरी सामाजिक रुपान्तरण तथा समृद्धिका लागि काम गर्नु पर्ने र जसका लागि युवा नागरिक समाज कास्कीले अनुगमनकारी भूमिका खेल्ने बताए ।

युथ एड्बोकेसी नेपालको आयोजना तथा सिद्धार्थ क्लव पोखरा र बाल तथा महिला शसक्तिकरण समाज नेपालको सहयोग रहेको कार्यक्रममा कास्कीका बिभिन्न युवा समूह तथा संगठनका ४० भन्दा बढीको प्रतिनिधीहरुको उपस्थिति रहेको थियो ।

# १९ आयोजनालाई विद्युत् उत्पादन अनुमति

काठमाडौं २३ कार्तिक ।

सरकारले यस वर्षको सात महिनामा विभिन्न १९ वटा जलविद्युत् आयोजनालाई उत्पादनको अनुमति प्रदान गरेको छ । ऊर्जा मन्त्रालय मातहतको विद्युत् विकास विकास विभागले तत्काल निर्माण प्रक्रिया सुरु गर्न आग्रह गर्दै ८४८ मेगावाट क्षमताका ती आयोजनालाई उत्पादनको अनुमति दिएको हो । अनुमति पाउने आयोजनामा धादिङमा आयोजनास्थल रहेको त्रिशूलीगल्छी आयोजना रहेको छ ।

सिद्धकाली पावरले निर्माण गर्ने सो आयोजनाको क्षमता ७५ मेगावाट रहेको छ । अपि पावर लिमिटेडको व्यवस्थापनमा सो आयोजना अगाडि बढाउन लागिएको हो । नेपाल विद्युत् प्राधिकरणसँग हिउँदमा आठ रुपैयाँ ८० पैसा र वर्खामा चार रुपैयाँ ८० पैसामा प्रतियुनिट विद्युत् खरिद सम्झौता भएको छ ।

यस्तै १२७ मेगावाट क्षमताको तनहु सेती जलविद्युत् आयोजनालाई समेत उत्पादनको अनुमति दिइएको विभागले जनाएको छ । त्यस्तै मुस्ताङको कोवाङमा आयोजनास्थल रहने कालीगण्डकी कोवाङ ४०० मेगावाट रहेको छ । सो आयोजना अम्बेस्वर इन्जिनियरिङ हाइड्रो पावरले निर्माण गर्ने आयोजना हो । यस वर्ष अनुमति दिइएका आयोजनामा रामेछापको चौरी खोला पाँच मेगावाट, गोरखाको दरौदी ११० र रसुवाको सान्जेन खोला ७८ मेगावाट छन् । पलाखु खोला पाँच मेगावाट, पलाखु खोला माथिल्लो १४, माथिल्लो बलेफी ३६, लिपिङ खोला १६, तल्लो खोराङ ५, विजयपुर खोला ४, माथिल्लो खोरुङ्गा खोला ७ र माथिल्लो सोलु खोला १८ मेगावाट छन् । त्यस्तै मकारी गाड १० मेगावाट, याम्बालिङ खोला ७, सानो मिल्ती खोला तीन र मादी भोर्लेटार १० मेगावाट छन् । अन्य आयोजनामध्ये केहीको प्राधिकरणसँग विद्युत् खरिद सम्झौता भएको छ भने केही सम्झौताको चरणमा रहेका छन् ।

विभागले हालसम्म कुल ११९ आयोजनालाई विद्युत् उत्पादनको अनुमति प्रदान गरेको र त्यसको क्षमता तीन हजार ३१५ मेगावाट रहेको सिनियर डिभिजनल इन्जिनियर बाबुराज अधिकारीले जानकारी दिनुभयो । उत्पादन अनुमतिपत्र दिइएकामध्ये दुई हजार २०० मेगावाट क्षमताका आयोजना निर्माणको क्रममा रहेका छन् । तीमध्ये केही आयोजना निकट भविष्यमा नै सम्पन्न हुने क्रममा छन् । रासस

# यातायात व्यवस्था कार्यालयमा पौडेल

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ कार्तिक ।

यातायात व्यवस्था कार्यालय पोखरामा कीर्तनराज पौडेल आएका छन्। यसअघि जिल्ला विकास समिति कास्कीको योजना अधिकृत रहेका पौडेलले सोमबारदेखि यातायात व्यवस्था कार्यालयमा सवारी चालक अनुमति पत्र विभागमा प्रमुखका रुपमा कार्यभार सम्हालेका छन् । पोखरामै स्थायी बसोबास भएका पौडेलले आफ्नो कार्यकालमा यातायात क्षेत्रमा देखिएका विकृति अन्त्य गर्ने बताए । उनले आफू कार्यालय प्रमुख रहिन्जेल नीति र नियम संगत रुपमा भएका कामलाई अघि बढाउने बताए । यसअघि उक्त कार्यालयको प्रमुखमा चेतप्रसाद उप्रेती रहेका थिए । यातायात कार्यालय गण्डकीमा बेला बेलामा गुनासो आउने गरेको सर्वसाधारणले बताएकै बेला प्रमुखको रुपमा पौडेलले जिम्मेवारी सम्हालेका हुन् । पौडेल पोखरा–१९ घार्मीका स्थायी बासिन्दा हुन् ।

# तालिम सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ कार्तिक ।

जिल्ला बालमञ्च कास्कीको आयोजना तथा जिल्ला विकास समिति कास्कीको सहयोगमा बाल मञ्चका पदाधिकारीहरुको लागि प्रस्तावना लेखन तथा दस्तावेजीकरण विषयक ३ दिने क्षमता विकास तालिम सोमबार पोखरामा सम्पन्न भएको छ । तालिममा जिल्ला बाल मञ्च कास्की, नगर बालमञ्च र गाँउ बालमञ्चका पदाधिकारी गरी २१ बालबालिकाको सहभागिता रहेको थियो ।

जिल्ला बालमञ्च कास्कीका अध्यक्ष रश्मी भट्टराईको अध्यक्षतामा भएको तालिममा सहजकर्ताहरु अर्जुन न्यौपाने, गोपाल खड्का, केशब पौडेल र हेमराज अधिकारीले बालमञ्चको अभिलेखहरुको व्यवस्थापन, प्रस्तावना पत्रको अभ्यास तथा कार्यक्रमको प्रतिवेदन कसरी तयार गर्ने भन्ने विषयमा सहजीकरण गरेका थिए ।

# रुपा सहकारीको टोली भ्रमणमा

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ कार्तिक ।

लेखनाथमा वित्तिय संस्थाहरु मध्येको अग्रणी संस्थाको रुपमा परिचित लेखनाथ-१२, गगनगौंडामा अवस्थित श्री रुपा बहुउद्देशीय बचत तथा ऋण सहकारीको कार्यसमिति, उप-समितिहरु बीच भाइचारा अभिवृद्धि तथा सांस्कृतिक सम्पदा एवं समयानुकूल विकासको ७ दिने अध्ययन तथा अवलोकन भ्रमण पुरा गरी मंगलबार फर्किएको छ । भ्रमण टोलीमा संस्थाको ३७ जनाको सहभागिता रहेको र टोलीले नेपाल तथा भारतका विभिन्न पर्यटकीय स्थलहरु दामन, काकडभित्ता, विरगञ्ज, कोलकत्ता, सिलगुडी लगायतका शहरहरुको भ्रमण गरेको संस्थाका सचिव वलराम अधिकारीले बताए । आर्थिक संयोजक महेन्द्र बस्नेत र भ्रमण टोलीका संयोजक सुन्दर पराजुलीले भ्रमण अत्यन्त फलदायी रहेको र आगामी दिनमा पनि यस्ता कार्यकम जारी रहने बताए। ध्रुव केसी अध्यक्ष रहेको उक्त संस्थामा हाल २३४ शेयर सदस्य रहेको संस्थाले आगामी महिनासम्म अधिकृत पूँजी १० करोड पुर्‍याउने लक्ष्य रहेको अध्यक्ष केसीले जानकारी दिए। साथै आगामी आर्थिक वर्षमा करिब २ करोडमा आफ्नै व्यापारिक भवन वनाउने ड्रिम प्रोजेक्ट अघि सारेको छ ।

## सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. ९, बस्ने दलबहादुर क्षेत्रीकी श्रीमती रमादेवी क्षेत्रीको नाममा रहेको साविक शिशुवा ४ को कित्ता नं. १३८८२ क्षेत्रफल ०-३-१-० को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको र उत्तरतर्फका सधियारा फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

| कि.नं. | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|
| १३८८२ | १३८८१ | ४५९ | बाटो | १२०६४ |

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

## सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. १, बस्ने खिमलाल विककी श्रीमती अनिता विकको नाममा रहेको साविक शिशुवा २ को कित्ता नं. ८१२२ क्षेत्रफल ०-५-२-० को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको र उत्तरतर्फका सधियारा फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

| कि.नं. | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|
| ८१२२ | ७७५० | बाटो | ८१४५ | ६८९५ |

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www .goldennews .com .np

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

खुशीको खबर !

के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर
Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।
हाम्रो विशेषताहरु :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

# पोखरालाई प्रदेश राजधानी बनाउने निर्णय

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ कार्तिक ।**

नेकपा एमाले प्रदेश नं. ४ ले नवलपुरलाई प्रदेश नं.४ बाट नछुट्याउन चेतावनी दिएको छ । संविधानको अनुसूची ४ मा स्पष्ट भएको यो प्रदेशको सीमाना नचलाउन भन्दै यस्तो कामको दुश्साहस नगर्न पनि राजनीतिक दलहरुलाई भनेको छ ।

प्रदेश नं. ४ का लागि नवलपुर महत्वपूर्ण भएकाले यसलाई छुटाउन माउसुलीको पुच्छर छुट्टाएको जस्तो सजिलो छैन प्रदेश संयोजक किरण गुरुङ्गले भने- 'नवलपुरका गैंडाको खाग जति महत्वपूर्ण छ हाम्रो प्रदेशका लागि नवलपुर त्यत्ति नै प्यारो छ ।'

बैठकले पोखरालाई प्रदेश राजधानी बनाउने निर्णय गरेको छ । कावासोती-१५ थारु होमस्टे गाउँ अमलटारीमा भएको पूर्ण बैठकले यस्तो निर्णय गरेको पोलिटब्युरो सदस्य तथा प्रदेश नं. ४ का प्रचार विभाग प्रमुख जगत बिश्वकर्माले जानकारी दिए । दुई दिनसम्म चलेको बैठकको निर्णय सार्वजनिक गर्न गैंडाकोटमा आयोजित पत्रकार सम्मेलनमा प्रदेश नं.४ ले 'राष्ट्रिय एकता, समृद्धि र स्वाभिमानः संविधानको कार्यान्वयन एमालेको अभियान' नारासहित मंसिर १ गतेदेखि फागुन मसान्तसम्म जनपरिचालन, मतदाता शिक्षा, जनवर्गीय संगठनको भेला तथा अधिवेशन गर्ने, घर फर्क तथा पार्टी प्रवेश अभियान, प्रदेश नं. ४ को समग्र विकास निर्माण र समृद्धिका लागि दीर्घकालिन गुरुयोजना तयार गर्न बिज्ञको बेला मंसिर भित्र गर्ने निर्णय बैठकले गरेको छ ।

बैठकले प्रदेश कमिटीका संयोजकदेखि सदस्यहरु कार्यविभाजन समेत गरेको छ । पार्टी स्कुल विभागमा संयोजक किरण गुरुङ्ग, संगठन विभाग प्रमुखमा गणेश तिमिल्सेना, प्रचार विभाग प्रमुखमा जगत विश्वकर्मा, स्थानीय विभाग प्रमुखमा मायानाथ अधिकारी र मार्चा संगठनको प्रमुखमा पदमा अर्याल र आर्थिक विभाग प्रमुख तथा कार्यालय सचिवमा मानबहादुर जिसीलाई तोकेको छ ।

बैठकले ४ नम्बर प्रदेशको राजधानी पोखरा तोकेको छ । तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीलाई नवलपुर छुट्टै जिल्ला घोषणा सहितको माग बुझाएकाले सरकारबाट त्यो माग पुरा गर्न भनिएको छ ।

बाग्लुङ्ग जिल्लामा रहेको ३२० मेगावाटको उत्तर गंगा जलासय युक्त विद्युत आयोजना र पोखरामा निर्माण भइरहेको अन्तर्राष्ट्रिय विमानस्थलको छिटो गर्न बैठकले माग गरेको छ ।

अमलटारीमा भएको बैठकको निर्णय सार्वजनिक गर्न सयौं मोटरसाइकल र कारमा नेता कार्यकर्ता गैंडाकोटमा पुगेको थियो । नवलपुर जिल्ला माग सहितको र्‍याली गरिएको एमालेका केन्द्रीय सदस्य तिलक महतले जानकारी दिए। पर्यटकीय स्थल मौलाकालिका को अवलोकन पश्चात पत्रकार सम्मेलन गरी निर्णयहरु सावर्जनिक गरिएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै स्थायी कमिटी सदस्य एवं प्रदेश संयोजक किरण गुरुङ्गले संविधानको सर्वोच्चता स्वीकार गरेर मात्र अगाडि बढ्नुपर्ने बताए । 'संविधान संशोधन भन्नु घरको जग राख्न नपाउँदै भत्काउनु सरह भएकाले त्यो लोकतान्त्रिक पद्धति होइन', उनले भने-'आवधिक निर्वाचन प्रणालीलाई यो वा त्यो बहानामा संशोधन गर्न सक्दैनौं ।'

# मलेसियामा नेपालको शानदार जीत



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ कार्तिक ।**

नेपालका तीनवटै स्ट्राइकर नवयुग श्रेष्ठ, भरत खवास र विमल घर्तीमगरले गोल गरेपछि नेपालले एएफसी सोलिडारिटी कपअन्तर्गत मंगलबारको खेलमा ब्रुनईलाई ३-० गोलअन्तरले पराजित गरेको छ। यो जितसँगै नेपाल सेमिफाइनल प्रवेश गरेको छ। मलेसियाको कोचिङस्थित सरावाक रंगशालामा भएको खेलमा नेपालले १० वर्षअघि एएफसी च्यालेन्ज कपमा ब्रुनाईबाट भोगेको पराजयको बदला पनि लियो। सन् २००६ मा बंगलादेशमा आयोजना भएको च्यालेन्ज कपमा नेपाल २-१ ले ब्रुनाईसँग पराजित भएको थियो। समूह 'ए' मा नेपाललाई पहिलो जित दिलाउन स्ट्राइकर त्रेय नवयुग, भरत र विमलले उत्कृष्ट प्रदर्शन गरे। आजको खेलमा मिडफिल्डमा नायक हेमन गुरुङ पनि थिए। डिफेन्डर अनन्त तामाङको खेल पनि आज स्तरिय थियो। नेपाली खेलाडी टिमोर लेस्टेविरूद्धको खेलमा भन्दा आज मैदानमा निकै सक्रिय देखिन्थे। नेपालले पहिलो हाफमा गोलको निश्चित २ वटा अवसर गुमाएको थियो। तर, पहिलो हाफको निर्धारित ४५ मिनेटपछि थप गरिएको अतिरिक्त २ मिनेटको समयमा स्टार स्ट्राइकर नवयुगले गोल गर्दै नेपाललाई पहिलो हाफमा १-० को अग्रता दिलाएका थिए।

बाँकी दुई गोल ७२ मिनेटमा भरत र ८० मिनेटमा विमल घर्तीमगरले गरे। यी दुई स्टार खेलाडीले ८ मिनेट भित्र गोल गरेपछि ब्रुनईका खेलाडी स्तब्ध बनेका थिए। नेपाली मिडफिल्डर हेमन गुरुङले आफ्ना सहयोगीसँग बलको 'पोसेसन' लाई दुरुस्त गरेपछि नेपालले पहिलो गोलको अवसर प्राप्त गरेको थियो। उनले डिबक्स बाहिरबाट गरेको प्रहार ब्रुनईका मिडफिल्डर हाइरोल अजामनले डिबक्स भित्र 'क्लियर' गर्न नसक्दा त्यही उभिएका नवयुगले गोलमा परिणत गरेका थिए। यो गोल नेपाली खेलाडीले एकअर्काबीच '८ टच' खेलेपछि भएको थियो।

दोस्रो हाफमा केही सक्रियता देखाएको ब्रुनाईविरूद्ध तीन जनै स्ट्राइकरले राम्रो तालमेल देखाएका थिए। ७२ मिनेटमा विमलको कर्नर किकमा डिबक्स भित्र उभिएका मिडफिल्डर सुजल श्रेष्ठले हेडिङ पास मिलाइदिएपछि भरतले उत्कृष्ट गोल गरेका थिए।

भरतलाई आजको खेलमा सुरुदेखि नै टिममा स्थान दिइएको थियो। टिमोरविरूद्धको खेलमा उनी दोस्रो हाफपछि मैदान प्रवेश गरेका थिए। खेलको ८० मिनेटमा नेपाललाई पेनाल्टीको अवसर जुरेको थियो, जब ब्रुनईका दुई डिफेन्डरले विमललाई डिबक्स भित्र लडाए। भरतले अगाडि बढाएको बललाई नवयुगले डिबक्सभित्र बसेका विमललाई गोलका लागि पास मिलाएका थिए। तर, उनलाई डिबक्समै ब्रुनाईका डिफेन्डरले पछारेपछि नेपालले गोलको अवसर पाएको थियो। जसलाई विमलले उत्कृष्ट ढंगले गोलमा परिणत गरे।

नेपाली गोलरक्षक किरण चेम्जोङले दुईवटा उत्कृष्ट बचाउ गरे। नेपालले ब्रुनईलाई ३-० ले पराजित गर्‍यो। तर पनि ब्रुनई गोलअन्तरका आधारमा समूह विजेता बन्दै सेमिफाइनल प्रवेश गरेको छ। ब्रुनईले पहिलो खेलमा टिमोर लेस्टेलाई ४-० गोलले हराएको थियो। नेपाललाई भने टिमोरले गोलरहित बराबरीमा रोकेको थियो।

# हाइड्रोपावरको शेयर बाँडफाड

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ कार्तिक ।**

मोदीखोलामा दुई वटा जलविद्युत् आयोजनाको प्रवर्द्धन गरेको निजी क्षेत्रको युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडले जिल्लावासीका लागि खुल्ला गरेको साधारण सेयर बाँडफाँड गरेको छ । आयोजनाले जिल्लाका बासिन्दालाई मात्रै लक्षित गरी ११ लाख ५० हजार कित्ता साधारण सेयर बाँडफाँड गरेको हो ।

रितपूर्वक आवेदन गरेका ११ हजार ४०४ आवेदकलाई सेयर बाँडफाँडमा सामेल गरिएको छ । रु पचास हजारसम्मको ५०० कित्ता आवेदन गर्ने साना लगानीकर्ता र त्यसभन्दा बढी लगानी गर्नेलाई ठूला लगानीकर्ता मानी सेयर बाँडफाँड गरिएको प्रबन्ध निर्देशक सुधीर तिमिल्सिनाले जानकारी दिए । साना लगानीकर्तालाई ४० प्रतिशत र ठूला लगानीकर्तालाई ६० प्रतिशतका दरमा बाँडफाँड गरिएको छ ।

कम्पनीले आयोजना प्रभावित जिल्लाका बासिन्दाका लागि गएको भदौ २६ गतेदेखि असोज ८ गतेसम्म सेयर आवेदन माग गरेकामा एक अर्ब ७३ करोड कित्ता सेयर आवेदन परेको थियो । रु ११ करोड ५० लाखको सेयर आवेदन भएकामा एक अर्ब ७३ करोड रुपैयाँ बराबरको आवेदन सङ्कलन भएको थियो ।

निर्माणको तयारी भएको साढे १० मेगावाटको तल्लो मोदी 'बी' जलविद्युत् आयोजनासहित युनाइटेड मोदी हाइड्रोपावर कम्पनीले सर्वसाधारणलाई सेयर खुला गरेको थियो ।

# शाखा विस्तार

**पोखरा २३ कार्तिक ।**

*एनआईसी एसिया बैंक लिमिटेडले आफ्नो ७४औं शाखाको रूपमा मंगलबारदेखि पोखराको विरौटामा शाखा सञ्चालनमा ल्याएको छ । हरेक सम्भावित बजार क्षेत्रमा आफ्ना ग्राहकलाई सेवा उपलब्ध गराउने अभिप्राय अनुरूप विरौटामा स्थापित शाखाको एक समारोहबीच पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष विश्वशङ्कर पालिखेले उद्घाटन गरे । शाखा सञ्चालनसँगै बैंकका सेवाग्राही लाभान्वित हुने विश्वास लिइएको शाखाका प्रबन्धक चुडामणि पराजुली (दपिक)ले बताए णणणणणणणण। नयाँ शाखा विरौटासहित बैंकको शाखा सञ्जाल ७६ तथा एटिएम सङ्ख्या ६९ पुगेको छ । बैंकले गत त्रैमासिक अवधिमा गत आवको सोही अवधिको तुलनामा कर्जा सापटिमा ३९ प्रतिशत तथा निक्षेपमा ३४ प्रतिशतका साथै खुद मुनाफामा ६६ प्रतिशतको उल्लेख्य वृद्धि हासिल गर्न सफल भएको बताइएको छ । रासस*

# सिद्धि-सेतुली प्रतिष्ठानलाई सहयोग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ कार्तिक ।**

सिद्धि-सेतुली स्मृति प्रतिष्ठान, पोखराद्वारा सञ्चालित 'बालशिक्षा तथा सचेतना कार्यक्रम'लाई व्यवस्थितरूपमा सञ्चालन गर्न स्थापित 'बालहित कोष'को लागि ५० हजार रुपैयाँ आर्थिक सहयोग प्राप्त भएको छ ।

टेक्सस, अमेरिकाका गहना व्यवसायी जमीर लखण्डवालाले उक्त रकम बालशिक्षा कार्यक्रमको लागि उपलब्ध गराएका हुन् । हाल टेक्सस,अमेरिकामै रहेकी रानीपौवा, पोखराकी अपेक्षा श्रेष्ठमार्फत यो रकम प्राप्त भएको प्रतिष्ठानका संरक्षक तथा बालशिक्षा कार्यक्रमका संयोजक विश्व शाक्यले बताए । गत वर्ष पनि श्रेष्ठले आफ्ना साथीभाइ र आफू काम गर्ने दुकान मालिकको सहयोगमा भूकम्प पीडितहरूलाई आर्थिक सहयोग जुटाएर पठाउनुका साथै सिता पाइलास्थित वृद्धाश्रमलाई पनि केही सहयोग जुटाएकी थिइन । यस वर्ष प्रतिष्ठानको 'बालहित कोष'का साथै 'आँकुरा, एकल तथा संक्रमित महिला समूह', पुरनचौरको लागि पनि सहयोग रकम जुटाएर पठाएको अपेक्षाकी आमा जया बाँस्तोलाले बताइन् ।

# मोर्डनइराद्वारा नेपाली उद्धार

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ कार्तिक ।**

*भारतको दिल्लीमा अलपत्र परेका नेपाली नागरिक सिन्धुपाल्चोकका विक्रम थापालाई नेपाली राजदूतावास र मोर्डन इरा टुर्स एण्ड ट्राभल्सले उद्धार गरेको छ। दिल्लीमा अलपत्र परेका थापालाई मोर्डन इराको पोखरा दिल्ली बसमा निःशुल्क यात्रा गराइएको छ ।*

*दुताबासले थापालाई पोखरासम्म पुऱ्याउन सहयोग गरिदिन मोर्डन इरालाई अनुरोध गरेको थियो । निःशुल्क यात्रा गराएर थापालाई दिल्लीबाट पोखरा पठाइएको मोर्डन इराका संचालक कृष्णराज गैरेले जानकारी दिए । मंगलबार दिल्लीबाट प्रस्थान गरेका थापा बुधबार पोखरा आइपुग्नेछन् । थापालाई लिन सिन्धुपाल्चोकबाट उनका आफन्त पोखरासम्म आउने बताइएको छ ।*

*अन्य समयमा भारतमा अलपत्र परेका नेपालीहरुलाई पनि मोर्डन इराले उद्धार गर्दै आएको गैरेले जानकारी दिए । 'हामी नाफालाई भन्दा बढी सेवालाई ध्यान दिन्छौं,' उनले भने- 'भारतमा आएर दुःख पाएका तथा अलपत्र परेका नेपालीहरुलाई सक्दो सहयोग र उद्धार गर्दै आइरहेका छौं ।' मोर्डन इराले पोखरा-दिल्ली दैनिक बस सेवा संचालन गर्दै आइरहेको छ ।*

# तरुण दलमा १० लाख युवालाई आवद्ध गर्नेछु–कर्ण

काङ्ग्रेसको भातृ सङ्घ तरुण दलको यही महिनाको अन्तिम साता महाधिवेशन हुँदैछ । विभिन्न पदका लागि उम्मेदवारी घोषणा पनि जारी छ । तीमध्ये एक हुन्, डडेल्धुराका काङ्ग्रेस सभापति कर्ण मल्ल । उनी तरुण दलको सभापतिका लागि उम्मेदवार हुँदैछन् । डडेल्धुरामा काङ्ग्रेस सभापति शेरबहादुर देउवाले उठाएको उम्मेदवारविरुद्ध उठेर सभापति जितेका थिए उनले । त्यसकारण उनी चर्चामा आए, त्यसबेला । देउवा प्रधानमन्त्री हुँदा स्वकीय सचिव भएर पनि काम गरेका थिए। तरुण दलको सभापति बन्न चाहने मल्लले आफ्नो एजेन्डा यसरी पस्केका छन् । तरुण दलको चौथो महाधिवेशन यही महिनाको अन्तिमतिर पोखरामा हुँदैछ । यसका लागि म अध्यक्षका लागि तयारीमा छु । तरुण दल नेपाली काङ्ग्रेसको भातृ सङ्गठन हो । यसको इतिहास लामो छ । २०१० सालमा स्थापना भएको दरुण दलले यो देशको राजनीतिक परिवर्तनमा धेरै योगदान दिएको छ। यस्तो गौरवशाली सङ्गठनको सदस्य भएकाले म आफूलाई पनि गौरवान्तित सम्झन्छु । यस्तो राजनीतिक सङ्गठनको महाधिवेशन मा म आफूलाई अध्यक्षका लागि उभ्याउन थालेको छु । यति लामो इतिहास बोकेको तरुण दल नेपाली काङ्ग्रेसको भातृ सङ्गठन हो । काङ्ग्रेससँग अहिले ८ लाख पार्टी सदस्य छन् । तर त्यसको सबैभन्दा सशक्त भातृ सङ्गठन दरुण दलमा २० हजार सदस्य छन् । यो विडम्बना नै हो ।

मैले यो महाधिवेशनमा अध्यक्षको दाबी त्यतिकै गरेको हैन । मसँग सङ्गठन अगाडि बढाउने एजेन्डा छन् । अहिले देशमा १८ देखि ४० वर्षसम्मका ९६ लाख युवाहरु छन् । यी युवाहरुको सपना छन् । कैयौँ रोजगार, कैयौँ अर्ध रोजगार र कैयौं बेरोजगार छन् । रोजगारीको खोजीमा विदेशिने युवाहरु पनि त्यति नै छन् । यी सबैको भाग्य भविष्य जोडिने भनेको देशसँग नै हो । युवाहरुको प्यारो सङ्गठन तरुण दलको अध्यक्षको दाबेदार बनिरहँदा मसँग केही ऐजेन्डा छन् । ती म अध्यक्ष भएपछि सङ्गठनमा लागू गराउने छु ।

१. अहिले तरुण दलमा दुई किसमको सदस्यता छ । म अध्यक्ष भएपछि एउटै बनाउने छु । अहिले साधारण र पूर्णकालीन छन् । पछि सबै पूर्णकालीन बनाउने छु ।

२. तरुण दलको सदस्यता फारम अनलाइनबाट भराउने गराउने छु । सधैं सदस्यता विवाद हुन्छ । अनलाइनमा भरेपछि पारदर्शी हुन्छ । कसैले कसैलाई आरोप लगाउन पाउँदैनन ।

३. म अध्यक्ष भएपछि तरुण दलमा भएका २० हजार सदस्यबाट दस लाख सदस्य बनाउने छु । तर यसमा राजनीति गर्ने र शुभचिन्तकहरुको वर्गीकरण गर्ने प्रणाली बसाल्ने छु । जीविकोपार्जनमा लागेका र पूर्ण बेरोजगारको पनि वर्गीकरण गर्ने छु ।

४. कमजोर आर्थिक अवस्था भएका तर तरुण दलका सदस्यहरुलाई सङ्गठनको तर्फबाट सहयोगको व्यवस्था गर्ने छु । नेपाली युवाहरुलाई लाओसको मोडेल र दक्षिण भारतको मोडेलमा स्वरोजगारमा लगाउने नीति बनाउन सङ्गठन र राज्य दुवै ठाउँमा पहल गर्ने छु । यसबाट तरुण दलका सदस्यहरु आत्मनिर्भर बन्ने छन् ।

५. दस लाख तरुण दलका सदस्यहरुबाट दैनिक एक रुपियाँका दरले तरुण दलको खातामा जम्मा गराउने छु । यो अति महत्वकाङ्क्षी लागे पनि हरेक तरुणले दैनिक एक रुपियाँ सङ्गठनलाई दिन कुनै समस्या पदैन । यसरी जम्मा भएको कोषले गरिब बिपन्न नागरिकलाई सहयोग गर्ने छु । यो देशमा गरिब विपन्नले आश्वसन मात्र पाउँछन् म अध्यक्ष भएपछि तत्काल सहयोग गर्नेछु ।



**कर्णबहादुर मल्ल**
**तरुण दल अध्यक्षका दाबेदार**

६. देशका युवाहरुमा नैतिक संस्कारको कमी आएको छ । यसलाई सुधार्नु अहिलेको आवश्यकता छ । तरुण दलका सदस्यहरुबाट नैतिकवान संस्कारयुक्त बनाउन सुरु गर्ने छु । यो देश धर्म संस्कृतिले भरीपूर्ण छ । यसको रक्षा गर्नु हामी युवाहरुको कर्तव्य हो । यो पनि गराउने छु ।

७. केही समयपछि स्थानीय तहको निर्वाचन हुँदै छ । त्यसका लागि युवाहरु चाहिन्छन् । युवाहरुले मतदातालाई निर्वाचनमा भाग लिन सहयोग गर्ने गरी एक बुथ १०१ युथको अवधारणा अनुसार देशभरी तरुण दलका सदस्यहरु परिचालन गराउने छु ।

८. नेपाल राष्ट्र बैङ्कबाट इजाजत लिँदा हरेक प्राइभेट बैङ्कले गाउँमा १० प्रतिशत कृषिमा लगानी लगाउने नियम छ । तर अहिलेसम्म कुनै पनि बैङ्कले त्यो गरेको देखिँदैन । यो काम गराउन सकारकारलाई दबाब दिने छु ।

**तरुण दलको वैचारिक आधार**

तरुण दल नेपाली काङ्ग्रेसको भातृ सङ्गठन हो । यसले पार्टीले ल्याएको विचारलाई जनस्तरमा लागू गर्ने हो । यसले आफै विचार निर्माण गर्ने होइन । तर अहिले देशमा बेरोजगारीको समस्या धेरै छ । यसलाई समस्या समाधान गर्ने गरी योजनाहरु ल्याउनुपर्छ । पढेलेखेका युवाहरुलाई नोकरी खोज्ने बनाउने होइन कि नोकरी दिनेलायक बनाउनु पर्छ । यसका लागि राज्यले युवाहरुलाई पढाइको साथसाथै योजना बनाउन सक्ने बनाउनुपर्छ । यस्ता खालका योजना ल्याउन पार्टीसँग बहस गर्ने छु ।

म माओवादीको कम्युनबाट प्रभावित भएर रोल्पा पुगेको थिएँ । जुन त्यो सममया अति नै प्रभावित भएको थिएँ । यही मोडेल इजरायलमा पनि छ । शब्द जे राखे पनि यो मोडेलमा जाने हो भने धेरै युवाहरुलाई स्वदेशमा नै रोजगार दिन सकिन्छ । त्यसकारण म यो मोडेल तरुण दलमा लागू गर्ने प्रतिबद्धता जनाउँछु । यसको नाम कम्युन राखौं या नराखौं तर यो काम म गरेर छोड्ने छु ।

विचार भनेको जनताको जीवनसँग जोडिएको हुनुपर्छ । अहिले काङ्ग्रेसलाई बीपीको विचार छोडेको आरोप लागेको छ । हो, बीपीको विचार हुबहु काङ्ग्रेसले लागू गर्न सकेको छैन । तर पार्टी समृद्ध नेपालका लागि लागिरहेको छ । पार्टीको विचारलाई जनस्तरमा पुगाउने काम भातृ सङ्गठनको हो ।

म विचारको राजनीतिमा विश्वास गर्छु । त्यही भएर अन्य राजनीतिक दलका युवा सङ्गठनहरुसँग पनि देश विकासका लागि सहकार्य गरेर जाने छु । आरोप प्रत्यारोपको राजनीति होइन । सहकार्यको राजनीतिको जग बसाल्ने छु । यो सङ्गठनको अध्यक्ष हुनलाई साथीहरु पनि आकाङ्क्षी हुन सक्नु होला । तर मैले सङ्गठनमा काम गरेको धेरै भयो । बालकृष्ण खाँड दाइको नेतृत्वमा रहेर काम गरेको हुँ । पछिल्लो समयमा डडेल्धुरा जिल्लाको पार्टी सभापति भएर पनि काम गरेको अनुभव छ । म तरुण दलको अध्यक्ष हुने वित्तिकै पार्टी सभापति छोड्ने छु ।मैले जति कुरामा प्रतिबद्धता जनाएको छु, त्यो काम गर्न सकिन भने एक वर्षमा राजीनामा दिने छु ।

**के तपाईंमा यौनसम्बन्धी समस्या छ ?**

**पुरूषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार**
**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

Study in Japan
Czech Republic
USA, Australia, Norway

- 100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
- SLC passed can apply .
- Almost all intake **czech Republic** .
- Free Education in **Norway** & **Finland** .
- Help to make all kind of documentation for any Countries .

April Intake

**Now Running** IELTS, JLPT Classess

**ROMAN EMPIRE**
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरूङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा